नेपालगञ्ज उप-महानगरपालिका

स्थानीय राजपत्र

खण्ड ८) नेपालगञ्ज, असार २९ गते, २०८२ साल (संख्याः २

भाग १

नेपालगञ्ज उप—महानगरपालिका

संवत् २०८२ सालको ऐन नं. २

नेपालगञ्ज उप-महानगरपालिका, बाँकेको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८२

<u>प्रस्तावना :</u> नेपालगञ्ज उप महानगरपालिका, बाँकेको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस ऐनको नाम "नेपालगञ्ज उप महानगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u> (१) आर्थिक वर्ष २०८२/८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित शिर्षकहरुका चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम

समेत गरी जम्मा रकम १,८३,२८,८८,४९५.७७ (अक्षेरुपी एक अर्ब त्रियासि करोड अठ्ठाईस लाख अठासी हजार चार सय पन्चानब्बे रुपैयाँ सतहत्तर पैसा मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजन :</u> (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त नेपालगँज उप महानगरपालिका, बाँकेको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

४. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u> (१) प्रचलित कानून बमोजिम अख्तियारी प्राप्त भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई विनियोजन ऐनमा भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अधिकार हुनेछ।

(२) उपदफा(१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा नगर कार्यपालिकाको कार्यालयले निकासा भुक्तानी पाउनुपर्ने निकासा भुक्तानी प्राप्तकर्तालाई विनियोजन भएको रकम निकासा तथा भुक्तानी दिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश (प्रविष्टि) भएको कार्यकमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

५. <u>रकमान्तर तथा स्रोत व्यवस्थापन :</u> (१) दफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न, निकासा र खर्च जनाउन तथा चालु, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

तर पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सुरु विनियोजन नभएको खर्च संकेतमा तथा नयाँ योजना तथा कार्यक्रममा आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा र असार महिनामा रकमान्तर गर्न पाईने छैन।

६. <u>वित्तीय अनुशासन सम्बन्धी ब्यवस्था :</u> (१) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बापतको रकम, राजस्व बाँडफाँडको रकम तथा आन्तरिक राजस्वको रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्नेछ।

(२) बजेट तथा खर्च लेखाङ्कन, आन्तरिक राजस्व संकलन, कार्य संचालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा र प्रतिवेदन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट तोकिएका तथा संचालनमा आएका विद्युतीय प्रणालीहरु लागू गर्नुपर्नेछ ।

(३) स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा नगर कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

(४) नेपाल सरकार तथा प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक बर्षभित्र खर्च नभई बचत भएमा नगर कार्यपालिकाको कार्यालयले तोकिएको अवधीभित्र संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

७. <u>योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तरगतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यकम कार्यान्वयन गर्दा स्रोत फुकुवा भई निकासा भएपछि मात्र आयोजना तथा कार्यकम कार्यान्वयन तथा संचालन गर्नुपर्नेछ।

(२) पूँजीगत खर्चको सार्वजनिक निर्माणतर्फ वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेट सामान्यतया २०८३ बैशाख मसान्तसम्म खर्च वा सम्झौता वा खरिद प्रक्रिया आरम्भ गरिसक्नुपर्नेछ ।

(३) वार्षिक स्वीकृत कार्यकमको कार्यान्वयन नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट बापत प्राप्त हुने राजस्व साथै आन्तरिक राजस्व संकलन

भएको अनुपातको आधारमा हुनेछ। लक्ष्य अनुरुप वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड र आन्तरिक राजस्व संकलन तथा आम्दानी हुन नसकेमा नगर कार्यपालिकाको कार्यालयले स्वीकृत कार्यकम तथा योजनाको कार्यान्वयन प्रक्रिया रोक्का राख्ने वा प्राथमिकता निर्धारण गरी संचालन कार्यान्वयन गर्न सक्नेछ ।

(४) वार्षिक स्वीकृत बजेट भित्रका योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न लेखा उत्तरदायि अधिकृतबाट अनिवार्य स्वीकृती लिनुपर्नेछ । स्वीकृती नलिई संचालन तथा कार्यान्वयन भएका योजना तथा कार्यकमको भुक्तानी नगर कार्यपालिकाको कार्यालयले रोक्का गर्न सक्नेछ।

(५) नगर कार्यपालिकाको कार्यालयबाट बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यकमहरुमा घटी कबोल भए बापत बचत हुन जाने रकमबाट थप आयोजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न सकिने छैन।

तर शिलबन्दि दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद भएको औषधि तथा औषधिजन्य सामाग्रीहरुको आवश्यकता एकिन गरि बचत रकमबाट औषधि तथा औषधिजन्यसमाग्रीहरु खरिद गर्न सकिनेछ ।

(७) वार्षिक स्वीकृत आयोजना तथा कार्यकम सम्झौता बमोजिम संचालन कार्यान्वयन सम्पन्न भए पश्चात् कार्यसम्पन्न भएको मितिले ३५ दिन भित्र भुक्तानीको लागि सम्पूर्ण प्रक्रिया र रीत पूरा गरी आवश्यक पर्ने कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। सम्पूर्ण प्रक्रिया पूरा भई आवश्यक कागजात सहित रीतपूर्वक कार्यालयमा पेश भएका भुक्तानीको बजेट र स्रोत सुनिश्चित गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपभोक्ता समिति र लाभग्राही समूहबाट संचालन हुने आयोजना तथा कार्यक्रम संचालन एवं कार्यान्वयन गर्दा उपभोक्ता समिति तथा लाभग्राही समूहले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य प्रारम्भ गर्नु पर्नेछ नगरेको खण्डमा नगर कार्यपालिकाको कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

(९) उपभोक्ता समिति र लाभग्राही समूहबाट संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यकमको सम्झौताको म्याद थप हुने छैन।

(१०) प्रचलित कानूनले तोकेको अधिकारी वा निजले तोकेको जिम्मेवार व्यक्ति वाहेक कुनै पनि पदाधिकारी, कर्मचारी, व्यक्ति तथा संस्थाले नगर कार्यपालिकाको कार्यालयलाई आर्थिक व्ययभार

पर्ने दायित्व सिर्जना गर्न पाउने छैन। यसरी सिर्जना भएको दायित्व लेखा उत्तरदायि अधिकृतले मनासिव ठानेमा बाहेक भुक्तानी हुन सक्ने छैन ।

(११) आर्थिक वर्ष २०८२/२०८३ को आर्थिक कारोवारको प्रचलित कानून बमोजिम खाताबन्दी गर्ने र हिसाब मिलान गर्ने व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउनु पर्नेछ। चालु आर्थिक वर्षमा स्वीकृत बजेट, आयोजना तथा कार्यक्रमको भुक्तानी प्राप्तकर्ताले नियमानुसारको भुक्तानी पाउनको लागि चालु प्रकृतिका कार्यक्रमहरुको हकमा २०८३ जेष्ठ १५ तथा पुँजिगत प्रकृतिका योजनाहरुको हकमा २०८३ जेठ मसान्त भित्रै भुक्तानी प्रक्रियाका सम्पूर्ण रीत पूरा गरी कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

(१२) सामाजिक विकास क्षेत्रको शिक्षा उपक्षेत्र अन्तरगतका संघिय तथा प्रदेश सरकारकारबाट प्राप्त भएका आयोजना तथा कार्यक्रममा विनियोजित रकमबाट स्वीकृत संघिय तथा प्रदेश निर्देशिका बमोजिम विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुलाई सोझै भुक्तानी निकासा दिन बाधा पर्ने छैन।

(१३) उपदफा (१२) बमोजिम निकासा गरिएको रकम नियमानुसार खर्च गर्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने तथा श्रेस्ता सुरक्षित राखे जिम्मेवारी भुक्तानी निकासा पाउने संस्थाको हुनेछ। भुक्तानी निकासा भएको रकमको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम हुनेगरी खर्च गर्ने जिम्मेवारी भुक्तानी निकासा प्राप्त गर्ने संस्थाको हुनेछ ।

(१४) कुनै पनि महाशाखा/शाखा, वडा कार्यालय तथा संस्थाबाट आयोजना तथा कार्यकमको भुक्तानी सिफारिस गर्दा खर्चको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता पुष्टि हुने तथा मूल्य, गुणस्तर र परिमाण फरक नपर्ने सुनिश्चित गरी भुक्तानी मनासिव रहेको स्पष्ट खुलाई सिफारिस गर्ने जिम्मेवारी सम्बन्धित महाशाखा/शाखा,वडा कार्यालय तथा संस्थाको जिम्मेवार पदाधिकारीको हुनेछ ।

८. <u>निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन बनाउन सक्नेः</u> (१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड र कार्यालयले मार्गदर्शन बनाई लागु गर्नसक्नेछ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)

क्र.सं.	शीर्षक	आ.व. २०८२/८३ को अनुमान रु.
१	आय	१,५६७,८८८,४९५।७७
१.१	राजस्व	५९०,३४६,४९५।७७
१.१.१	आन्तरिक श्रोत	२४३,४१५,३८१।७७
१	११३१३ सम्पती कर	६२,५००,०००।००
२	११३१४ भुमिकर/मालपोत	०।००
३	११३१७ वहाल कर	५०,०००,०००।००
४	११४५१ सवारी साधन कर (साना सवारी)	८००,०००।००
५	११६३२ अखेटोपहारमा लाग्ने कर	५,५००,०००।००
६	१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२७,४००,०००।००
७	१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५००,०००।००
८	१४२१६ निजी धारा वापतको शुल्क	०।००
९	१४२१८ विद्युत सेवा शुल्क	१,५००,०००।००
१०	१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	६,०००,०००।००
११	१४२२४ परीक्षा शुल्क	५०,०००।००
१२	१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	२,५००,०००।००

१३	१४२४१ पार्किङ्ग शुल्क	१४,५००,०००।००
१४	१४२४२ नक्सापास दस्तुर	३२,०००,०००।००
१५	१४२४३ सिफारिश दस्तुर	१२,५००,०००।००
१६	१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१,०००,०००।००
१७	१४२४५ नाता प्रमाणित दस्तुर	१००,०००।००
१८	१४२४९ अन्य दस्तुर	१,४५०,०००।००
१९	१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	२२,५००,०००।००
२०	१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	१०,०००।००
२१	१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	१,७००,०००।००
१.१.२	**राजस्व बाँडफाँडबाट प्राप्त रकम**	**३४६,९३१,११४।००**
१	११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	१४०,०००,०००।००
२	११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	१३५,०२४,५८२।००
३	११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क	४५,००८,१९४।००
४	११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२०,०३२,०००।००
५	११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	३,५००,०००।००
६	११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	३,०००,०००।००
७	१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	३६६,३३८।००
८	३३३४२ मनोरञ्जन कर	०।००

९	३३३४३ विज्ञापन कर	०।००
१.१.३	अन्य आय	९०५,३८१।७७
१	१४५२९ अन्य राजस्व	७०५,३८१।७७
२	१५१११ बेरूजू	२००,०००।००
१.२	अन्तर सरकारी वित्तीय हस्तान्तरण	९७०,०४२,०००।००
१.२.१	संघीय सरकार	९१३,०००,०००।००
१	१३३११ समानिकरण अनुदान	२६७,९००,०००।००
२	१३३१२ शसर्त अनुदान चालु	५७०,५००,०००।००
३	१३३१३ शसर्त अनुदान पुँजीगत	५५,८००,०००।००
४	१३३१४ विषेश अनुदान चालु	१३,५००,०००।००
५	१३३१७ समपुरक अनुदान पुँजीगत	५,३००,०००।००
१.२.२	प्रदेश सरकार	५७,०४२,०००।००
१	१३३११ समानिकरण अनुदान	१९,०८४,०००।००
२	१३३१२ शसर्त अनुदान चालु	४,५०८,०००।००
३	१३३१३ शसर्त अनुदान पुँजीगत	१८,४५०,०००।००
४	१३३१६ समपुरक अनुदान चालु	०।००
५	१३३१७ समपुरक अनुदान पुँजीगत	१५,०००,०००।००
१.३	बैदेशिक	
१.४	जनसहभागिता	७,५००,०००।००

१.५	वित्तीय व्यवस्था (प्राप्ति)	
२	व्यय	१,८३२,८८८,४९५।७७
२.१	चालु	१,२१३,१८९,०६२।५८
१	२१११११ पारिश्रमिक कर्मचारी	२७४,९७८,००४।००
२	२११२१ पोशाक	४,०६०,०००।००
३	२११२२ खाद्यान्न	६००,०००।००
४	२११२३ औषधीउपचार खर्च	४,८१६,०००।००
५	२११३१ स्थानीय भत्ता	४,७००,०००।००
६	२११३२ महंगी भत्ता	११,२५०,०००।००
७	२११३३ फिल्ड भत्ता	११४,०००।००
८	२११३४ कर्मचारीको बैठक भत्ता	१,२००,०००।००
९	२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	५५०,०००।००
१०	२११३९ अन्य भत्ता	६६०,०००।००
११	२११४१ पदाधिकारी बैठक भत्ता	७,१९४,५००।००
१२	२११४२ पदाधिकारीअन्य सुबिधा	३०,०००,०००।००
१३	२१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	२,३६५,०००।००
१४	२१२१४ कर्मचारी कल्याण कोष	२०,०००,०००।००

१५	२१२१९ अन्य सामाजिक सुरक्षा खर्च	१,४७१,०००।००
१६	२२१११ पानी तथा बिजुली	१०,४६५,०००।००
१७	२२११२ संचार महसुल	२,७७२,६००।००
१८	२२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च	५२०,०००।००
१९	२२२११ इन्धन (पदाधिकारी)	२६८,०००।००
२०	२२२१२ इन्धन (कार्यालय प्रयोजन)	१५,८७३,०००।००
२१	२२२१३ सवारी साधन मर्मत खर्च	७,६५०,०००।००
२२	२२२१४ बिमा तथा नवीकरण खर्च	६,९४९,०००।००
२३	२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	४,२७५,०००।००
२४	२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२,१४०,०००।००
२५	२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	३,०२०,०००।००
२६	२२३११ मसलन्द तथा कार्यालय सामाग्री	९,७७६,४११।६५
२७	२२३१२ पशुपंक्षीहरूको आहार	१,५००,०००।००
२८	२२३१३ पुस्तक तथा सामग्री खर्च	६५०,०००।००
२९	२२३१४ इन्धन - अन्य प्रयोजन	९४६,०००।००
३०	२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	५,९७५,४६२।००
३१	२२३१९ अन्य कार्यालय संचालन खर्च	३,३७८,८००।००

३२	२२४११ सेवा र परामर्श खर्च	८,७५०,०००।००
३३	२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	६५०,००२।००
३४	२२४१३ करार सेवा शुल्क	०।००
३५	२२४१४ सरसफाईसेवा शुल्क	१०,८५९,६००।००
३६	२२४१९ अन्य सेवा शुल्क	१०२,६६०,९४२।९३
३७	२२५११ कर्मचारी तालिम खर्च	२,६६२,०००।००
३८	२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	५,३३३,५००।००
३९	२२५२१ उत्पादन सामग्री / सेवा खर्च	१२५,०००।००
४०	२२५२२ कार्यक्रम खर्च	५९०,५५४,४४०।००
४१	२२५२९ विविध कार्यक्रम खर्च	८,८५५,०००।००
४२	२२६११ अनुगमन, मूल्यांकन खर्च	४,६३४,०००।००
४३	२२६१२ भ्रमण खर्च	५,७५६,४००।००
४४	२२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	२५०,०००।००
४५	२२६१९ अन्य भ्रमण खर्च	६००,०००।००
४६	२२७११ विविध खर्च	११,७१८,०००।००
४७	२२७२१ सभा सञ्चालन खर्च	१,५७२,०००।००
४८	२५२२२ वित्तीय व्यवसायहरूलाई पूंजीगत सहायता	१००,०००।००

४९	२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	६,३४६,०००।००
५०	२५३१२ स्वास्थ संस्थाहरूलाई सहायता	९२४,०००।००
५१	२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	२३०,०००।००
५२	२५३१५ अन्य सस्था सहायता	१,९१५,०००।००
५३	२६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान	१,३००,०००।००
५४	२७१११ सामाजिक सुरक्षा	०।००
५५	२७११२ अन्य सामाजिक सुरक्षा	४७५,०००।००
५६	२७२११ छात्रवृत्ति	०।००
५७	२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	५००,०००।००
५८	२७२१३ औषधी खरिद खर्च	७००,०००।००
५९	२७२१९ अन्य सामाजिक सहायता	१,५४०,०००।००
६०	२८१४२ घरभाडा	२,५६०,४००।००
६१	२८२११ राजस्व फिर्ता	१,५००,०००।००
२.२	पूंजीगत	५७९,६९९,४३३।१९
१	३११११ आवासीय भवन निर्माण/खरिद	६,२००,०००।००
२	३१११२ गैर आवासीय भवन निर्माण/खरिद	४२,०४०,६६५।९७
३	३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	४,४८५,२६८।७३
४	३११२१ सवारी साधन	४,७२५,०००।००

५	३११२२ मेशिनरी तथा औजार	१०,६६०,०००।००
६	३११२३ फर्निचर तथा फिक्चर्स	४,७२४,८६३।००
७	३११३१ पशुधन तथा बागवानी विकास खर्च	५०,०००।००
८	३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च	०।००
९	३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	१०,७००,०००।००
१०	३११३५ पूँजीगत परामर्श खर्च	४,३३८,०००।००
११	३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च	२४,६००,०००।००
१२	३११५१ सडक तथा पूल निर्माण	२४०,८६१,१७१।४१
१३	३११५३ विद्युत संरचना निर्माण	७,७६५,०००।००
१४	३११५५ सिंचाई संरचना निर्माण	४५०,०००।००
१५	३११५६ खानेपानी संरचना निर्माण	१,७५०,०००।००
१६	३११५७ वन तथा वातावरण संरक्षण	१,४४७,४८८।००
१७	३११५८ सरसफाई संरचना निर्माण	२१,१८५,०००।००
१८	३११५९ अन्य सार्वजनिक निर्माण	१७१,०८७,६६६।०८
१९	३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	१४,४५०,०००।००
२०	३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	४,८००,०००।००
२१	३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श	३,३७९,३१०।००
२२	३१५११ भैपरी आउने पूँजीगत	

२.३	वित्तीय	४०,०००,०००।००
१	३३१४७ अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी	४०,०००,०००।००
३	बजेट बचत (+)/न्यून	(२६५,०००,०००।००)
४	गत वर्षको नगद मौज्दात	२६५,०००,०००।००

प्रमाणीकरण मितिः २०८२ असार २९

आज्ञाले

मूल्य रु. १०

रामहरि शर्मा

प्रमुख प्रशासकीय अधिकृत